## गृहमन्त्रालयको विज्ञप्ति

२।६।०८

अदालतको मानहानीको अभियोगमा जेलको सजाय भोगिरहेका श्रीदिल्ली-रमण रेग्मी अस्वस्थ भएपछि निजको परीक्षा गर्न सरकारले डाक्टरहरुको एउटा समिति बनाएको थियो। सो समितिले आफ्नो प्रारम्भिक रिपोट पेश गरेको छ। तथा एक्सरेद्वारा बिरामीको परीक्षा गराउने आवश्यकता जनाएको छ। एक्सरे तस्बीरको जाँच आज हुन लागेको छ। त्यसपछि डाक्टरको रिपोट पेश भएमा श्रीदिल्लीरमणको मुद्दा श्रीप्रधानन्यायाधीश र अभियुक्तको बिचको मामला भएको हुनाले सरकारले डाक्टरको रिपोट आवश्यकीय विचारको निमित्त श्रीप्रधान-न्यायाधीशको समक्ष पेश गर्ने विचार गरेको छ।

सेक्रेटरी- गृहमन्त्रालय.

---

## गृहमन्त्रालयको विज्ञप्ति

२।६।०८

राजनैतिक फायदाको निमित्त मिथ्या प्रचारलाई नै आफ्नो सिद्धान्त ठान्ने कुनै कुनै व्यक्तिले विराटनगरमा श्री ५ महाराजाधिराजको भव्य स्वागत भएकोमा उल्टो मौसूफलाई कालो झन्डा देखाइयो र उक्त स्थानमा गोलीसमेत चल्यो भन्ने भ्रमात्मक हल्ला फैलाउन लागेका छन् भन्ने रिपोट सरकारमा आएको छ।

आफ्ना सम्राट्को सम्मानमा विराटनगरका जनताले गरेको हार्दिक तथा शानदार स्वागतको वास्तविक विवरण पत्रपत्रिकामा र रेडियोद्वारा प्रसारित भैसकेको छ। वास्तविक कुरा यस्तो छँदाछँदै अनेक मिथ्या प्रचार गर्नु बडो लज्जास्पद कुरा हो। सरकारलाई पूर्ण विश्वास छ कि सर्वसाधारण जनता यस्तो मिथ्या प्रचारको प्रभावमा पर्ने छैनन्।

गृह-सेक्रेटरी.

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०२ ७